कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर,सल्यान
कर्णाली प्रदेश, नेपाल

☎ ९८५७८४४८०१
Email: ito.kumakh2073@gmail.com
info@kumakhmalikamun.gov.np
website:www.kumakhmun.gov.np

पत्र संख्याः २०८०/०८१ (प्रशासन तथा योजना)
चलानी नं. ९४५

## मौजुदा सूची (Standing List)मा दर्ता गर्ने/गराउने सम्बन्धी सूचना।

(सूचना प्रकाशित मिति : २०८०/०४/२३)

आ.ब. २०८०/०८१ का लागि यस कार्यालयलाई तपशिलमा उल्लेखित सामानहरु आपूर्ति गर्न, निर्माण कार्य गर्न, परामर्श सेवा प्रदान गर्न तथा तथा अन्य सेवा/कार्य गर्न सार्बजनिक खरिद ऐन,२०६३ को दफा ६(ख)बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने कालोसुचीमा नपरेका व्यक्ति,आपूर्तिकर्ता, निर्माण ब्यवसायी,परामर्शदाता वा सेवा प्रदायकहरूले देहायका कागजातहरुको प्रतिलिपीहरु र सार्बजनिक खरिद ऐन,२०६३ को दफा १० को उपदफा(२) बमोजिमको योग्यताको कागजातहरु समेत संलग्न गरी आफुले गर्ने कामको विवरण छुट्टाछुट्टै खुलाई **सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १८ को उपनियम (१) संग सम्बन्धित अनुसूची २(क) बमोजिमको ढाँचामा सूची दर्ताका लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आबश्यक कागजातहरु सहित यस कार्यालयमा निबेदन** निबेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :**

**१. मालसामान आपूर्ति तर्फ** : मसलन्द तथा कार्यालय सामान, शैक्षिक सामग्री/स्टेशनरी तथा फुटकर सामान, कार्यालय मेसिन तथा उपकरण, हार्डवेयर तथा फिटिङ (भांडाकुँडा लगायतका सामग्री), सवारी साधनका पाटपुर्जा तथा लुब्रिकेन्ट्स सामान, मसलन्द तथा छपाई सम्बन्धी कार्य, फर्निचर तथा फर्निसिङ सम्बन्धी सामान, औषधी/औषधीजन्य तथा मेडिकल प्रयोगशाला सम्बन्धी स्वास्थ्य सामाग्री, कृषि सम्बन्धी औषधी तथा सामग्री, पशुपंक्षीको औषधी तथा अन्य सामान, आयुर्वेदिक औषधी तथा सामान, पत्रपत्रिका तथा पुस्तकहरु,कम्प्युटर,ल्यापटप,कम्प्युटर,प्रिन्टर,मल्टिमिडिया तथा इलेक्ट्रोनिक्स सामग्री, निर्माण सामग्री तथा रंगरोगन।

**२. निर्माण कार्य तर्फ** : भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार सम्बन्धी सेवा।

**३. परामर्श सेवा तर्फ** : सफ्टवेयर(पावर सिस्टम)निर्माण सेवा, सूचना प्रबिधी(ICT) तथा कम्प्युटर सम्बन्धी सेवा, डीपीआर निर्माण, सिपमुलक तथा क्षमता अभिबृद्दी सम्बन्धी तालिम संचालन।

**४. मर्मत तथा अन्य कार्य तर्फ**:फोहोर ब्यबस्थापन तथा कार्यालय सरसफाई सम्बन्धी कार्य, ईन्टरनेट सेवा,नेटवर्किङ,प्लम्बिंग तथा वायरिङ सेवा, सवारी साधन मर्मत सेवा, फर्निचर तथा फर्निसिङ मर्मत,इलेक्ट्रोनिक्स मर्मत सेवा, रंगरोगन /छपाई/डिजाईन/भिडियो डकुमेन्ट्री/बिज्ञापन/सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी कार्य, सवारी साधनको बिमा सम्बन्धी सेवा।

राजेन्द्र कुमार चन्द
प्रमुख प्रशासकीय अधिकृत

कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

☎ ९८५७८४४८०१
Email: ito.kumakh2073@gmail.com
info@kumakhmalikamun.gov.np
website:www.kumakhmun.gov.np

पत्र संख्या: २०८०/०८१ (प्रशासन तथा योजना)
चलानी नं. ९४९

**निबेदन साथ सूची दर्ताका लागि पेश गर्नुपर्ने कागजातहरु :**

(क) संस्था/ फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि नबिकरण भएको,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्दीकर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आ.ब. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) आबश्यकता अनुसारको ब्यवसायिक इजाजतपत्रको प्रतिलिपि र

(ङ) हिमालयन बैंक लिमिटेड, कुमाख शाखामा रहेको कुमाख गाउँपालिकाको आन्तरिक राजस्व खाता ०५९०७७९७६३००११ मा रु. १,००० (अक्षेरैपी एक हजार रुपैयाँ) जम्मा गरेको बैंक भौचर प्रतिलिपि।

**शर्तहरु:-**

- फर्म/संस्था/कम्पनीले जुन कार्य गर्न इजाजत प्राप्त गरेको हो सोही कार्यका लागि मात्र सूची दर्ता गराउनु पर्नेछ।
- सम्पर्कको लागी सम्पर्क व्यक्तिको नामथर,पत्राचार गर्ने ठेगाना,मोबाइल नम्बर निवेदनमा अनिबार्य उल्लेख गर्नुपर्नेछ।
- प्राप्त निबेदनहरु सूचीकृत गर्ने/ नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
- सूचीकृत भएकाहरुको कार्य सम्पादन सन्तोषजनक नभएमा सूचीबाट हटाइनेछ। यस उपर कुनै दाबी बिरोध गर्न पाईने छैन।

........................
(राजेन्द्र कुमार चन्द )
प्रमुख प्रशासकीय अधिकृत